नगर कार्यपालिकाबाट स्वीकृत मिति :- २०७८/०४/३१
प्रमाणीकरण मिति :- २०७८/०५/०१

# स्थानीय राजपत्र

## पाख्रीबास नगरपालिका

पाख्रीबास नगरपालिकाद्वारा प्रकाशित

खण्ड (५), संख्या ६, मिति २०७८।०४।३१

## भाग - १

पाख्रीबास नगरपालिकाको नगर कार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

### पाख्रीबास नगरपालिकाको फूसको छानो हटाई जस्तापाता (टिन) को छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पाख्रीबास नगर कार्यपालिकाले "पाख्रीबास नगरपालिकाको फूसको छानो हटाई जस्तापाता (टिन)को छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ जारी गरेको छ ।

## प्रस्तावना :

पाखीबास नगरपालिका क्षेत्रमा अझैपनि फूस, खर, पराल, छवाली, स्याउलाले छाएका छानामुनी बस्ने विपन्न वर्गका लक्षित समुदायका घर, छप्पर, टहरामा बस्ने स्थानीय घरपरिवारको सङ्ख्या अत्याधिक रहेको र त्यस्ता घरपरिवारलाई नेपाल सरकार केन्द्रीय बजेट तथा कार्यक्रमबाट र प्रदेश सरकार प्रदेश स्तरको कार्यक्रमबाट पूर्णरुपमा समेट्न नसकिएको सन्दर्भमा र नेपाल सरकार र प्रदेश सरकारबाट उक्त कार्यक्रमका लागि सीमित सङ्ख्याका घर परिवारका लागि मात्र कार्यक्रम प्रप्त हुने गरेको सन्दर्भमा नेपालको संविधानको प्रदत्त नागरिकको मौलिक हक अर्न्तगत आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुखी रहेका, प्रकोपका कारण घरवारविहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेका, गरिबीको रेखामुनी रहेका, पराल छवाली सेउला वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणको लागि फूसको छानो हटाई जस्तापाता(टिन)को छानो लगाउने कार्यक्रमको कार्यान्वयन गर्न वान्छनिय भएकोले पाखीवास नगरपालिकाले देहायको कार्यविधि बनाएको छ।

### प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम “पाखीवास नगरपालिकाको फूसको छानो हटाई जस्तापाता(टिन) को छानो लगाउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८” रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछी तुरुन्तै लागु हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “नगर प्रमुख” भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ख) “नगर उपप्रमुख” भन्नाले नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ग) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

(घ) “सभा सदस्य” भन्नाले नगरपालिकाको नगरसभा सदस्यहरु वडा सदस्यहरु सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले पाखीवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(च) "वडा" भन्नाले पाखीवास नगरपालिकाको वडा सम्झनु पर्छ ।

(छ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ज) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागी तथा हावा, पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ, ईटा, ढुंगा वा ब्लक आदिको गारो भई पराल खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

(झ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(ञ) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवारहरुलाई सम्झनु पर्छ ।

(ट) समन्वय समिति : पूँजीगत अनुदान कार्यक्रम अन्तर्गत लक्षित लाभग्राहीहरुलाई जस्तापाता (टिन) उपलब्ध गराउन गठित समन्वय समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## लक्षित वर्गको पहिचान र छनौटका आधार

३. लक्षित वर्गको पहिचान :

(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला छवाली आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको, घर छप्पर टहरा आदिमा बस्दै आएको गरिविको गरिविको रेखमूनी रहेको घर परिवार ।

(ख) गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,

(ग) जग्गाधनी प्रमाणपुर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,

(घ) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,

(ङ) गरिबीको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस

४. लाभग्राहीको छनौटको आधार तथा विधि :

(क) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राही बसोबास गर्दै आएको घरको छाना

पराल/खर/छवाली/स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने

सामाग्रीबाट छाएका घरपरिवार,

(ख) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदि विपन्नताको आधारमा सभा सदस्यहरुले छनौट गरी अनुसुचि १ बमोजिमको फाराम सिफारिस सहित नगरपालिकामा पेश गर्ने ।

(ग) दफा (३) बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउनेछ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृतले दफा (३) बमोजिमका लाभग्राहीहरु दफा (४) बमोजिम सभा सदस्यहरुले छनौट सहित सिफारिस भएपछि कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्नेछ ।

## परिच्छेद-३

## पुँजीगत अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

५. जस्तापाता (टिन) वितरण सम्वन्धी व्यवस्था

(क) कार्यक्रम संचालनका लागि नगरपालिकाले फूसको छानो हटाई जस्तापाता(टिन)को छानो लगाउने कार्यक्रम अन्तर्गत सार्वजनिक निर्माण सुधारमा विनियोजित बजेटबाट व्यवस्थापन गरिनेछ ।

(ख) वडा कार्यालयले लाभग्राहीको पहिचान गरी छनौट सहित सिफारिस र अन्य प्रमाणित कागजातसहित प्राविधिक लागत अनुमानको लागि नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(ग) दफा ५ (ख) बमोजिम सिफारिण्स पेश भए पश्चात नगरपालिकाको प्राविधिक लागत अनुमान तयार गरी जिन्सी शाखामा पेश गनुपर्ने ।

(घ) दफा ५ (ग) बमोजिम पेश भए पश्चात, सम्बन्धित वडाको वडाअध्यक्ष र सम्बन्धित

वडाका प्राविधिकको सहयोगमा जिन्सी शाखाबाट आवश्यक स्थलगत निरीक्षण गरी, बास्तविक पीडित हो वा होइन एकिन गरी कार्यालयमा जस्तापाता (टिन) भएको खण्डमा जस्तापाता वितरण गर्न सक्नेछ ।

(ङ) दफा ५ (घ) बमोजिम वितरण भएको सम्पूर्ण विवरण नगरपालिकाको जिन्सी शाखाले अभिलेख राख्नुपर्नेछ ।

(च) नगरपालिकाको जिन्सी प्रशासन शाखाले प्राविधिक लागत अनुमान अनुसार लक्षित लाभग्राही घर परिवारलाई जस्तापाता (टिन) उपलब्ध गराउँदा वा सम्बन्धित वडा अध्यक्षले प्राविधिक लागत अनुसार लक्षित लाभग्राहीलाई अनिवार्य भर्पाई गरी बुझाउने गरी वडा अध्यक्षलाई जस्तापाता (टिन) उपलब्ध गराएको अवस्थामा नगरपालिका बोर्ड बैठकबाट निर्णय गराएर मात्र उपलब्ध गराउनुपर्ने छ र सोको नियमानुसार रित प्रक्रिया पुऱ्याई भर्पाई गरी हस्तान्तरण फारम भरी नियमानुसार हस्तान्तरण गरी उपलब्ध गराउनुपर्नेछ ।

(छ) लाभग्राही लक्षित वर्गलाई उपलब्ध गराईएको जस्तापाता (टिन) को नगरपालिकाको प्राविधिक शाखाबाट फोटो सहित प्राविधिक मूल्याङ्कन गराउनुपर्नेछ ।

(ज) दफा ५ (घ) बमोजिम जिन्सी शाखाले वास्तबिक पीडित पहिचान गर्न वडा कार्यालय, सभा सदस्य, प्राविधिक शाखा र अन्य सरोकारवालाहरुसँग समन्वय, सहकार्य गर्न सक्नेछ ।

(झ) लक्षित लाभग्राहीले प्राप्त गरेको जस्तापाता (टिन) प्राप्त गरेपछि समयमै अन्य निर्माण सामग्री आफैंले जुटाई जस्तापाता प्राप्त गरेको बढीमा १ महिना भित्र फुसको परालको छवालीको स्याउलाको छानो हटाई जस्तापाताको छानो लगाई सक्नुपर्नेछ । लक्षित लाभग्रीले जस्तापाताको छानो लगाउन भनि नगरपालिकाबाट थप आर्थिक सहायता प्राप्त गर्न पाउने छैन । यदि नगरपालिकाबाट त्यस्तो आर्थिक सहायता प्राप्त गरेको अवस्थामा त्यस्तो आर्थिक सहायता प्रदान गर्ने/आदेश गर्ने र निर्णय गर्नेबाट र आर्थिक सहायता गर्नेबाट नगरपालिकाले त्यस्तो आर्थिक सहायता असुल उपर गर्नेछ ।

६. जस्तापाता (टिन) असुल उपर गराइने :

(क) कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम वा जस्तापाता (टिन) लिएको पाइएमा वा जुन प्रयोजनका लागि जस्तापाता (टिन) उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च वा प्रयोग नगरी अन्य प्रयोजनमा खर्च प्रयोग गरेको पाईएमा त्यस्तो जस्तापाता नगरपालिकाले बरामद गरी कानुन बमोजिम कारवाही गरिनेछ । निर्माण सम्पन्न पश्चात जस्तापाता बाकि रहन गएमा बाकि रहेको जस्तापाता नगरपालिका समक्ष फिर्ता गरी जीन्सी शाखामा दाखिला गर्नुपर्नेछ ।

(ख) लक्षित लाभग्राहीले वडाबाट वा सम्बन्धित वडाका वडाअध्यक्ष वा वडा सचिवबाट वा नगरपालिकाबाट प्राविधिक लागत अनुमान अनुसार वा प्राविधिक लागत अनुमान वेगर भर्पाई गरी प्राप्त गरेको जस्तापाता हिनामिना गरेमा वा बिक्री गरेमा वा कुनै प्रकारले गायव गरेको पाईएमा त्यस्तो लाभग्राहीलाई नगरपालिकाले कानून बमोजिम कार्यवाही गरी सरकारी बाँकी सरह अशुल उपर गर्नेछ ।

(ग) नगरपालिकाको पूँजीगत अनुदान कार्यक्रम अन्तर्गत नगरपालिकाबाट प्राविधिक लागत अनुमान अनुसार उपलब्ध गराईएको जस्तापाता (टिन) बाहेक अन्य सुरक्षित नागरिक आवास कार्यक्रमबाट समेत लक्षित लाभग्राहीले जस्तापाता (टिन) प्राप्त गरेकोमा नगरपालिकाबाट उपलब्ध गराईएको जस्तापाता नगरपालिकालाई फिर्ता गर्नुपर्नेछ । अन्यथा नगरपालिकाले जुनसुकै बखत बरामद गरी नगरपालिकामा दाखिला गर्नुपर्नेछ । यदि नगरपालिकाबाट उपलब्ध गराईएको वा सुरक्षित नागरिक आवास कार्यक्रमबाट उपलब्ध गराईएको, जस्तापाता (टिन) हिनामिना भएमा वा बेचबिखन गरेमा वा अन्य कुनै प्रकारले गायव गरेमा त्यस्तो लक्षित लाभग्राहीबाट सरकारी बाँकी सरह अशुल उपर गरी प्रचलित ऐन, नियम बमोजिम कार्यवाही गरिनेछ ।

## परिच्छेद-४
## कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको भूमिका

### ७. वडा कार्यालय

वडा कार्यालयहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सुरक्षित नागरिक आवास पहिचान र छनौटका लागि आवश्यक सहयोग प्रदान गर्ने ।

(ख) सभा सदस्यले लाभग्राहीको पहिचान र छनौट गरेपछि लाभग्राहीको निवेदन संकलन गरी नगरपालिकामा सिफारिस साथ पठाउने,

(ग) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न नगरपालिकाबाट खटिने प्राविधिकहरुलाई आवश्यक सहयोग प्रदान गर्ने,

(घ) निर्माणाधिन आवास इकाईहरुको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक सहयोग तथा समन्वय गर्ने ।

(ङ) लक्षित लाभग्राहीलाई वडाबाट वितरण गरी उपलब्ध गराईएको जस्तापाताको सम्बन्धित वडाबाट नगरपालिकाको प्राविधिकबाट समयमानै प्राविधिक मूल्याङ्कन गरी गराई नगरपालिकामा पठाउनुपर्नेछ । यदी समयमा प्राविधिक मूल्याङ्कन नगराएमा सम्बन्धित वडाका वडा अध्यक्ष र वडा सदस्यहरुनै स्वयं जिम्मेवारी हुनुपर्नेछ ।

८. कार्यपालिका तथा नगर सभा सदस्य

सम्बन्धित कार्यपालिका/सभा सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) उपलब्ध वार्षिक बजेट र आवश्यकताको आधारमा कार्यक्रम कार्यान्वयन लागि जस्तापाता खरिद प्रकृया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (E-Bidding मार्फत ) गर्न निर्देशन गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने प्रयास गर्ने,

(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) कार्यक्रमको प्रगति समिक्षा गर्ने र कार्यान्वयनको लागि वडा कार्यालय र नगरपालिकासंग समन्वय गर्ने ।

## परिच्छेद-५
## समिति सम्बन्धी व्यवस्था

९. समन्वय समिति : (क) कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्‍याउन नगरपालिका स्तरमा देहाय बमोजिम समन्वय समिति रहनेछ :

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | संयोजक |
| (ख) नगरपालिका उप-प्रमुख | सदस्य |
| (ग) सम्बन्धित वडाका वडाअध्यक्ष | सदस्य |
| (घ) सम्बन्धित नगरसभासदस्य | सदस्य |
| (ङ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

(ख) समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता बमोजिम बस्नेछ ।

(ग) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम

हुनेछ ।

१०. नगरपालिका स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार : नगरपालिका स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाको निर्णय तथा निर्देशनलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) कार्यक्रम कार्यान्वयनको लागि पहिचान र छनौट भएका लाभग्राहीहरुको अनुगमन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको क्रममा सम्बन्धित सरोकारवालाहरु बीच समन्वय कायम गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने ,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधान गर्ने,

(च) लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने ।

## परिच्छेद-६
## विविध

११. निर्देशन पालन गर्नुपर्ने : नगरपालिका स्तरीय समन्वय समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सबै सरोकारवालाहरुले पालना गर्नुपर्नेछ ।

१२. विवादको समाधान : कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा नगरपालिका स्तरीय समन्वय समितिबाट दिइने निर्णय अन्तिम हुनेछ ।

१३. कारवाही हुने : कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१४. सुविधा नपाउने : नेपाल सरकारबाट भूकम्प पुनःनिर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण वा सुरक्षित नागरिक आवास कार्यक्रम आदि जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीहरुलाई यस कार्यविधि बमोजिम अनुदान उपलव्ध गराइने छैन ।

**आज्ञाले**

डिक बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १
दफा ४ उपदफा -खट) संग सम्बन्धित
फूसको छानो हटाई टिनको छानो लगाउनको लागि लाभग्राही छनौट तथा सिफारिस पत्र

पाखीवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धनकुटा

मिति :....................

विषय : सिफारिस गरिएको सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा ............................ जिल्ला, पाखीवास लगरपालिका वडा नं. .........बस्ने...............................................................................................................................................................................................................................................................................
...... स्थायी वासिन्दा भएको र सोही स्थान बसोबास गर्दै आएको घरको छाना पराल/खर/स्याउला आदि आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने भएको हुनाले फूसको छानो हटाई जस्तापाता(टिन) को छानो लगाउन कर्कटपाता वा जस्तापाता उपलब्ध गराईदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

संलग्न कागाजातहरु :- ( ) चिन्ह दिनुहोस् ।

(क) लाभग्राहीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि-१
(ख) वडा कार्यालयको सिफारिस-पत्र-१
(ग) वडा समितिको निर्णयको प्रतिलिपि–१
(घ) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि-१
(ङ) फूसको छानो भएको घरको फोटो-१

सिफारिस गर्ने नगरसभासदस्य :
नाम : .................................
ठेगाना : .................................
दस्तखत : ...............................

कार्यालयको छाप